श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९/०८० सालको निर्णय नं. ४९१

पुनरावेदन नं. ०७९-RB-००६५

पुनरावेदन दर्ता मितिः २०७९।०६।३०

मुद्दाः– ब्याट्रीको धुलो, २ गोटा टेक्टर चोरी निकासी।

सन्त राय यादवको नाती, महेन्द्र राय यादवको छोरा बारा जिल्ला कचोर्वा गा.वि.स.वडा नं.९ परिवर्तित सिम्रनगढ नगरपालिका वडा नं.९ बस्ने बिन्देश्वर यादव (मो नं. ९८४५१५७५८८)..............................................................१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

प्रहरी वरीष्ठ उपरीक्षक सूर्य प्रसाद उपाध्यायको जाहेरीले जिल्ला प्रहरी कार्यालय, बारा कलैया.........................................................................................१ } प्रत्यर्थी वादी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- बीरगंज भन्सार कार्यालय, बीरगंज, पर्सा

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार अधिकृत श्री सेवन्तक पोखरेल

शुरु कार्यालयको निर्णय मितिः- २०७५।०३।३२

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री वासुदेव आचार्य र अधिवक्ता श्री अनिता शर्मा

प्रत्यर्थीका तर्फबाट : विद्वान उप-न्यायाधिवक्ता श्री तारासिंह धामी

अवलम्वित नजीरः ×

बीरगंज भन्सार कार्यालय, बीरगंज पर्साको मिति २०७५।०३।३२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७३।१२।१७ गते राती २०:०० बजेको समयमा जिल्ला बारा कचोर्वा गाउँपालिका वडा नं. ५ स्थित सडकमा खटिएका प्रहरी गस्ती टोलीले सवारी साधन चेक जाँच गर्ने क्रममा कलैयाबाट कचोर्वा हुदै भारत तर्फ जादै गरेको व्याट्रीको धुलो लोड गरी ल्याएको को २ त २५२३ र ना ५ त ८४४१ नं. को ट्रेक्टरको चालकले प्रहरी टोलीलाई देखि उक्त ट्रेक्टरहरु सोही स्थानमा छोडी भागी गएको हुँदा उक्त व्याट्रीको धुलो सहितको ट्रेक्टरहरु बरामद गरी रितपूवर्कको बरामदी मुचुल्का समेत तयार गरी व्याट्रीको धुलो सहितको इ.नं. E93694 चे.नं. 6253260 उल्लेख भएको को २ त २५२३ नं. को निलो रंगको NEW HALLAND कम्पनीको ट्रेक्टर १, इ.नं. 3100FLS43G435940F2 चे.नं. JZJSE438922SM उल्लेख भएको ना ५ त ८४४१ नं. को निलो रंगको SONALIKA कम्पनीको ट्रेक्टर १ र १०००० किलो व्याट्रीको धुलो (जिंक acss) २ (दुई) टेलर समेतको जम्मा विगो रु.१४,००,०००।- कायम गरी प्र.ब.उ. श्री सूर्य प्रसाद उपाध्याय समेतको जाहेरी प्रतिवेदन, मौका मुचुल्का, टेक्टर टेलरमा लोड भएको व्याट्रीको धुलो उपरोक्त नम्बरका २ गोटा टेलर सहितको टेक्टर तथा सो नम्बरका ट्रेक्टरहरुका सम्बन्धमा यातायात व्यवस्था कार्यालयसँग बुझी प्राप्त हुन आएको कागजातहरुको प्रतिलिपी पाना २ (दुई) समेत भन्सार ऐन बमोजिम आवश्यक कारवाहीको लागी जिल्ला प्रहरी कार्यालय, बाराको प.सं. ०७३।७४ च.नं. १९०९ मिति २०७४।०१।०३ को पत्र साथ बीरगंज भन्सार कार्यालयमा दाखिला हुन आएको।

२. बीरगंज भन्सार कार्यालयमा दाखिला हुन आएको मालवस्तु ट्रेक्टर समेतको सम्बन्धित धनीहरुले हकदावी प्रस्तुत गर्न भन्सार ऐन, २०६४ (सं.स) को दफा ५३(क) बमोजिम सूचना प्रकाशित गर्नु भन्ने कार्यालयवाट मिति २०७४।०१।०३ मा आदेश भई सो आदेशानुसार सम्बन्धित मालवस्तु तथा ट्रेक्टरका धनीहरुले हकदावी प्रस्तुत गर्न कार्यालयवाट नियमानुसार मिति २०७४।०१।०६ मा हकदावीको लागी १५ दिनको सूचना प्रकाशित गरिएकोमा सो सूचनाको म्याद भित्र सम्बन्धित मालवस्तु तथा ट्रेक्टरका धनीहरु कार्यालयमा उपस्थित भई दावी गर्न आउनु पर्नेमा सो सूचनाको म्याद भित्र कसैले पनि सकार गरी दावी गर्न नआएको।

३. बीरगंज भन्सार कार्यालयबाट प्रकाशित सूचनाको म्याद भित्र सम्बन्धित मालवस्तुका धनीहरु कार्यालयमा उपस्थित भै हकदावी गर्न नआएको र जिल्ला पर्सा वी.उ.म.न.पा.वडा नं. १९ मा रहेको मा दुर्गा भवानी ट्रेडसवाट पुरानो बैट्रीको धुलो (जिंक Acss) खरिद गरी मिति २०७३।१२।१६ गते जिल्ला बारा गा.वि.स. अमृतगंज वडा नं.४ मा बस्ने विन्का मुखिया विनले खरिद गरेको ना २ त २५२३ नं. को टेक्टर लिई आई उक्त वैट्रीको धुलो लोड गरी जिल्ला बारा गा.वि.स. कचोर्वा वडा

नं. ९ मा रहेको वैष्णवी स्केप ट्रेडर्समा लगि रहदा जिल्ला बारा. गा.वि.स. हरिहरपुर वडा नं. १ हाल सिमौनगढ न. पा. ५ गंगानगर नहरमा प्रहरीले मिति २०७३।१२।१६ गते उक्त स्क्रेप बैट्रीको धुलो सहित टेक्टर समात्दा ड्राइभरले वील भरपाई देखाउदा देखाउदै प्रहरीले वील भरपाई लिई आफुसंग राखी सामान नछाडी उक्त गाडी सहित वैट्रीको धुलो भन्सार कार्यालय वीरगंजमा बुझाउएकोले अन्य सहारा नपाई बाध्य भई यो निवेदन दिन आएको छु। अतः मेरो विल भरपाइसंग उक्त सामान भिडाई मेरो समान फिर्ता गरी पाउँ भनी जिल्ला बारा कचोर्वा वार्ड नं. ९ का विन्देश्वर यादवले बीरगंज भन्सार कार्यालयका नाउँमा मिति २०७४।०९।१९ गते हुलाक मार्फत निवेदन पठाएको।

४. जिल्ला सिरहा लहान न.पा. वार्ड नं. २ मा रहेको गणेश इन्टरप्राइजेजवाट लक्ष्मी इन्टरप्राइजेज लहान १० सिरहाले खरिद गरेको न्यू होल्याण्ड कम्पनीमा बनेको को २ त २५२३ हाल स १ त ३८१८ नं. को टेक्टर मैले खरिद गरी भोग चलन गर्दै आई मिति २०७३।१२।१६ गतेका दिन विहान बैष्णवी स्क्रेप ट्रेडर्सको प्रोप्राइटर विन्देश्वर यादवले वीरगंजबाट कवार्ड, सामान ल्याउनु पर्ने भनी भाडा तय गरी उक्त टेक्टरका ड्राइभर सिताराम राउत कुर्मीले उल्लेखित को २ त २५२३ नं. को टेक्टर लिई जिल्ला पर्सा वी. उ.म.न.पा. वडा नं. १९ मा रहेकोमा दुर्गा भवानी ट्रेडर्समा गई त्याहावाट बैट्रीको धुलो कवाड लोड गरी जिल्ला बारा कचोर्वा वार्ड नं.९ स्थित बैष्णवी स्क्राप ट्रेडर्समा लगी रहेको अवस्थामा जि.बारा गा.वि.स. हरिहरपुर वार्ड न. १ हाल सिम्रौनगढ न.पा. वार्ड नं. ५ गंगानगर नहरबाट प्रहरीले टेक्टर र सोमा लोड भएको व्याट्रीको धुलो (कवाड) लाई समातेकोमा मेरो ड्राइभरले आफ्नो गाडी र उक्त कवाडको सामानको विल देखाउदा प्रहरीले उक्त विल लिई आफुसँग राखी मेरो टेक्टर र सोमा लोड भएको सामान समेत नछाडी वीरगंज भन्सार कार्यालयमा बुझाएकोले बाध्य भई यो निवेदन दिन आएको छु। अतः मेरो उपरोक्त निवेदन उपर विचार गरी मेरो व्लुबुक लगायत कागजातहरुसंग भिडाई मेरो टेक्टर फिर्ता पाउँ भनी जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विनले बीरगंज भन्सार कार्यालयका नाउँमा मिति २०७४।०१।१९ गते हुलाक मार्फत निवेदन पठाएको।

५. बीरगंज भन्सार कार्यालयवाट मिति २०७४।०१।०६ मा हकदावीको लागी १५ दिनको सूचना प्रकाशित गरिएकोमा सो सूचनाको म्याद भित्र सम्बन्धित मालवस्तु तथा ट्रेक्टरका धनीहरु कार्यालयमा स्वयम उपस्थित हुन नआई व्याट्रीको धुलोको लागी जिल्ला बारा कचोर्वा वार्ड नं. ९ का विन्देश्वर यादव र को २ त २५२३ हाल स १ त ३८१८ नं. को ट्रेक्टरको लागी जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विन समेतको मिति २०७४।१।१९ को निवेदन हुलाक मार्फत निवेदन यस कार्यालयमा प्राप्त हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को

उपदफा (३) अनुसार कारवाही चली पेश भई रहेको प्रहरी प्रतिवेदन अनुसार मागदावी भई आएको आरोप सम्बन्धी निवेदकले दावी लिएका मालवस्तु तथा ट्रेक्टरका हकमा भन्सार ऐन, २०६४ को दफा २ (ङ) मा परिभाषित कसुर गरेको हो होइन छानविन गरी भन्सार ऐन, २०६४ को दफा ५७(१), (२) अनुसारको कसुरको सजाय गर्नु पर्ने हो होइन यकिन गर्नु पर्ने भएकोले भन्सार ऐन, २०६४ को दफा ८९(१) अनुसार निवेदकहरुलाई सो सम्बन्धी कारवाहीको सिलसिलामा बुझ्नु पर्ने भएकोले निजहरुका नाउँमा म्याद जारी गरी जिल्ला प्रहरी कार्यालय, बारा मार्फत तामेलीको लागी पठाउनु भन्ने बीरगंज भन्सार कार्यालयवाट मिति २०७४।०१।२१ मा भएको आदेश।

६. बीरगंज भन्सार कार्यालयवाट मिति २०७४।०१।२१ मा भएको आदेशानुसार जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विन र जिल्ला बारा कचोर्वा वडा नं. ९ वस्ने विन्देश्वर यादवको नाउँमा कार्यालयवाट जारी भएको म्याद तामेलको लागि जिल्ला प्रहरी कार्यालय वारा मार्फत कार्यालयको च.नं. ११७० मिति २०७४।०१।२२ को पत्र साथ पठाइएकोमा सो पठाइएको म्याद मध्ये जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं ४ वस्ने विनाका मुखिया विनको म्याद निज फेला नपरेकोले निजका बुबालाई मिति २०७४।०२।२८ गते बुझाएको भनी प्रहरी चौकी अमृतगंज खजानीको च.नं. १४३ मिति २०७४।०२।३० को पत्र साथ भरपाइ प्राप्त हुन आएको।

७. जिल्ला बारा कचोर्वा वडा नं. ९ वस्ने विन्देश्वर यादवको नाउँमा जारी भएको म्याद निजले निजको घर दैलामा टाँस गरिएको ठिक हो भन्ने मुचुल्का प्रहरी चौकी कचोर्वा बाराको मिति २०७४।०४।१६ को पत्र साथ बीरगंज भन्सार कार्यालयमा भरपाइ प्राप्त हुन आएको।

८. बीरगंज भन्सार कार्यालयमा दिएका निवेदक मध्ये जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विनले लक्ष्मी इन्टरप्राइजेजसंग कबुलियतनामा गरी विधिवत लिखित गराई खरिद गरेको को २ त २५२३ हाल स १ त ३८१८ नं. को मेरो ट्रेक्टर बैष्णवी स्केप ट्रेडर्सका प्रोप्राइटर विन्देश्वर यादवले भाडामा लिई व्याट्रीको धुलो ट्रेक्टरमा लोड गरी बारा जिल्लाको कचोर्वा स्थित गोदाममा लगि रहेको अवस्थामा प्रहरीले पक्राउ गरी बीरगंज भन्सार कार्यालयमा बुझाएकोमा आफुसँग भएको प्रमाण हेरी गाडी मलाई जिम्मा दिनु पर्नेमा मेरो कागजात प्रमाण केही हेर्न नमानी तिम्रो ट्रेक्टर लिलाम गर्छौं भनी मेरो ट्रेक्टर फिर्ता दिने तर्फ कुनै कारवाही नगरेकोले हुलाक मार्फत दिएको निवेदनमा उल्लेखित प्रमाण कागजातहरु हेरी बुझी ट्रेक्टर फिर्ता दिने तर्फ अविलम्ब कारवाही गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ। साथै उल्लेखित ट्रैक्टर लिलाम विक्री गर्ने तरखरमा लागेकोले ट्रेक्टर लिलाम विक्री नगर्नु नगराउनु यथास्थितीमा राखु भनी अन्तरिम आदेश सहितको निषेधाज्ञाको

आदेश जारी गरी पाउँ भनी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा निवेदन चढाएकोमा उच्च अदालत अस्थायी इजलास वीरगंजवाट बीरगंज भन्सार कार्यालयसंग लिखित जवाफ माग गरिएको।

९. बीरगंज भन्सार कार्यालयबाट प्रकाशित सूचनाको म्याद भित्र सम्बन्धित मालवस्तुका धनीहरु कार्यालयमा उपस्थित हकदावी गर्न नआई व्याट्रीको धुलोको लागी जिल्ला बारा कचोर्वा वार्ड नं. ९ का विन्देश्वर यादव र को २ त २५२३ नं. को ट्रेक्टरको लागी जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विन समेतको मिति २०७४।१।१९ को निवेदन हुलाक मार्फत यस कार्यालयमा प्राप्त हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा ३ अनुसार कारवाही चली पेश भई रहेको प्रहरी प्रतिवेदन अनुसार मागदावी भई आएको आरोप सम्बन्धी निवेदकले दावी लिएका मालवस्तु तथा ट्रेक्टरका हकमा भन्सार ऐन, २०६४ को दफा २(ङ) मा परिभाषित कसुर गरेको हो होइन छानविन गरी भन्सार ऐन, २०६४ को दफा ५७(१)(२) अनुसारको कसुरको सजाय गर्नु पर्ने हो होइन यकिन गर्नुपर्ने भएकोले निवेदकहरुका नाउँमा भन्सार ऐन, २०६४ को दफा ८१(१) अनुसार म्याद जारी गर्नु भन्ने कार्यालयवाट मिति २०७४।१।२१ मा आदेश भई विपक्षी समेतको नाउँमा म्याद जारी भै सकेको हुदा कार्यालयवाट जारी गरिएको म्याद अनुसार विपक्षी कार्यालयमा उपस्थित भई पेश गरिएका प्रमाण कागजातको मूल्यांकनको आधारमा छानविनबाट ठहरे बमोजिम कानून बमोजिम निर्णय हुने नै हुदा छानविन विना विपक्षीले एक तर्फी रुपमा पेश गरेको प्रमाण कागजातको आधारमा मात्र ट्रेक्टर फिर्ता दिने तर्फ कारवाही गर्नु भनी परमादेश लगायत निषेधाज्ञा जारी गरी पाउँ भनी लिएको जिकीर कानून विपरीत भई न्याय संगत नहुदा विपक्षीको निवेदन खारेज गरी पाउँ भनी बीरगंज भन्सार कार्यालयवाट उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा लिखित जवाफ पेश गरेको।

१०. बीरगंज भन्सार कार्यालयबाट जारी गरिएको म्याद दुबै निवेदकहरुको नाउँमा तामेल भएको तर निजहरु सो तामेली म्याद भित्र बीरगंज भन्सार कार्यालयमा हाजिर हुन नआएको।

११. व्याट्रीको धुलो (जिंक ACSS) मिति २०७३।१२।१७ गते राती २०:०० बजेको समयमा कचोर्वा हुदै भारत तर्फ लैजादै गरेको अबस्थामा प्रहरीले चेक जाँच गरी पक्राउ गरेको सामानको भन्सार कार्यालयले १५ दिनको हकदावीको सूचना प्रकाशित गरेको र उक्त विषयमा भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ बमोजिम छानविन तहकिकात र निर्णय गर्ने अधिकार भन्सार कार्यालयलाई रहेकोले निवेदकको निवेदन जिकीर सँग सहमत हुन सकिएन। भन्सार अधिकृतबाट छानविन तहकिकात भै रहेको भन्ने देखिएकोले निवेदकको माग बमोजिम निषेधाज्ञा परमादेश जारी गर्न परेन।

निबेदकको निवेदन खारेज हुने ठहर्छ भनी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजबाट मिति २०७४।०३।२६ मा भएको आदेश।

१२. को.२.त.२५२३ नं. को टेक्टर फिर्ता तथा लिलामी रोक्काको लागि विनाका मुखिया विनले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा निषेधाज्ञा परमादेश जारी गरी पाऊँ भनी दिएको निवेदन समेत मिति २०७४।०३।२६ मा खारेज भै सकेको हुँदा यस कार्यालयबाट जारी गरिएको म्याद भित्र व्याट्रीको धुलोको धनी लगायत ट्रेक्टरका धनीहरु समेत यस कार्यालयमा उपस्थित भई आ-आफ्नो भनाई राखी सो मालवस्तुको आधार प्रमाण पेश गरी दावी गर्न आउनु पर्नेमा म्याद गुजारी बसि कुनै आधार प्रमाण पेश गर्न नआइ चुप लागि बसेको हुँदा भन्सार ऐन, २०६४ को दफा २ को (ङ) ले परिभाषित सोही ऐनको दफा ३८ अनुसार व्याट्रीको धुलो मेरो हो भनी निवेदन पेश कर्ता वैष्णवी स्क्रेप ट्रेडर्सका प्रो विन्देश्वर यादवले चोरी निकासी गर्न लागेको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन, २०६४ को दफा ५७(१) अनुसार सो व्याट्रीको धुलो जफत हुन्छ। जफत भएको व्याट्रीको धुलोको विगो रु.४,००,०००।- (रु.चार लाख) वैष्णवी स्क्रेप ट्रेडर्सका प्रो. विन्देश्वर यादवलाई जरिवाना गर्ने। साथै को २ त २५२३ नं. को टेलर सहितको ट्रेक्टर आफ्नो हो भनी हुलाक मार्फत यस कार्यालयमा निवेदन पेश गरी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा निषेधाज्ञा परमादेश सम्बन्धी निवेदन चढाउने जिल्ला बारा गा.वि.स. अमृतगंज वार्ड नं. ४ वस्ने विनाका मुखिया विनको को २ त २५२३ हाल स १ त ३८१८ नं. को टेलर सहितको टेक्टर आफ्नो हो भनी दावी गरी चोरी निकासी ठहर भएको उक्त व्याट्रीको धुलो स १ त ३८१८, ना ५ त ८४४१ नं. को टेक्टरका धनीहरुको सहमतिवाट चोरी निकासीको मालवस्तु ढुवानी गरेको देखिएकोले भन्सार ऐन, २०६४ (संशोधन सहित) को दफा ५७(२) अनुसार उक्त स १ त ३८१८, ना ५ त ८४४१ नं. को टेलर सहितको टेक्टर जफत हुन्छ भनी बीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतले मिति २०७५।०३।३२ मा खडा गरेको निर्णय पर्चा।

१३. वीरगंज भन्सार कार्यालयबाट जारी भएको म्याद मैले बुझ्न नमानेकोले घर दैलोमा टास गरेको भन्ने कुरा सत्य होइन। म बिन्देश्वर यादव प्रोपाइटर भएको वैष्णवी ट्रेडर्सको नाममा काटेको बिल मैले काटेको होईन र वीरगञ्ज भन्सार कार्यालयमा सामान दावीका लागी मेरो नाममा हुलाक मार्फत पठाईएको निवेदनमा लागेको ल्याप्चे तथा सहीछाप पनि मेरो होईन। माँ दुर्गा भवानी ट्रेडर्सको कर विजकबाट म बिन्देश्वर यादव प्रोपाइटर भएको वैष्णवी ट्रेडर्सको नाममा काटेको बिलका सम्बन्धमा माँ दुर्गा भवानी ट्रेडर्सका प्रोप्राईटरलाई बुझ्नु पर्नेमा सो बारेमा बुझ्दै नबुझी हुलाकबाट प्रेषित निबेदनलाई आधार प्रमाण बनाई मलाई अन्याय हुने गरी वीरगञ्ज भन्सार कार्यालयबाट मलाई अन्याय हुने गरी निर्णय भएको हुदा राजस्व न्यायधिकरण ऐन, २०३१ को

दफा ६(२)(घ), (ङ) बमोजिम पुनराबेदनको रोहमा आफैले प्रमाण बुझ्ने, पक्ष र साक्षी बुझ्ने, बयान लिने अधिकार सम्मानित राजश्व न्यायाधिकरणलाई भएको हुँदा प्रमाणहरुको मूल्याङ्कन गरी मेरो हकमा भएको त्रुटीपूर्ण शुरु निर्णय उल्टी गरी न्याय इन्साफ दिलाई पाँऊ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादी विन्देश्वर यादवले यस न्यायाधिकरणमा मिति २०७९।०६।३० मा दायर गरेको पुनरावेदन पत्र।

१४. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।११।१२ मा भएको आदेश।

**ठहर खण्ड**

१५. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी विन्देश्वर यादवका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री वासुदेव आचार्य र श्री अनिता शर्माले वीरगञ्ज भन्सार कार्यालयबाट भएको फैसला कानून सम्मत नभएकोले बदर गरी निजले सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस तथा प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री तारासिंह धामीले शुरु कार्यालयबाट भएको फैसला कानून सम्मत नै देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१६. उपर्युक्त बमोजिमको तथ्य एवं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान उप न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१७. निर्णय तर्फ विचार गर्दा, मिति २०७३।१२।१७ गते राती २०:०० बजेको समयमा जिल्ला बारा कचोर्वा गाउँपालिका वडा नं. ५ स्थित सडकमा खटिएका प्रहरी टोलीले सवारी साधन चेक जाँच गर्ने क्रममा कचोर्वा बजार हुदै भारत जान लागेको व्याट्रीको धुलो लोड गरी ल्याएको को २ त २५२३ र ना ५ त ८४४१ नं. को ट्रेक्टरको चालकले प्रहरी टोलीलाई देखि उक्त ट्रेक्टरहरु सोही स्थानमा छोडी भागी गएको हुँदा उक्त व्याट्रीको धुलो सहितको ट्रेक्टरहरु बरामद गरिएको भन्ने व्यहोराको बरामदी मुचुल्का देखिन्छ। बरामदी मुचुल्काबाट बरामद भएको व्याट्रीको धुलो सहितको इ.नं. E93694 चे.नं. 6253260 उल्लेख भएको को २ त २५२३ नं. को निलो रंगको NEW HALLAND कम्पनीको ट्रेक्टर १, इ.नं. 3100FLS43G435940F2 चे.नं.

JZJSE438922SM उल्लेख भएको ना ५ त ८४४१ नं. को निलो रंगको SONALIKA कम्पनीको ट्रेक्टर १ र १०,००० किलो व्याट्रीको धुलो (जिंक acss) २ (दुई) बोरा समेतको जम्मा विगो रु.१४,००,०००।- कायम गरी भन्सार ऐन बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको प्र.ब.उ. श्री सूर्य प्रसाद उपाध्याय समेतको जाहेरी प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ। प्रतिवादी विन्देश्वर यादवले ब्याट्रीको धुलोको भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम भन्सार छली चोरी निकासीको कसूर गरेको ठहर्याई निजसँग बरामद भएको मालबस्तु सोही ऐनको दफा ५७(१क) बमोजिम जफत गरी बिगो बमोजिम जरिवाना रु.४,००,०००।- हुने साथै सोही ऐनको दफा ५७(२) बमोजिम प्रतिवादीसँग सहमतिमा चोरी निकासीको मालबस्तु ढुवानी गरेको विनाका मुखिया विनको को २ त २५२३ हाल स १ त ३८१८ नं. को, ना ५ त ८४४१ नं. को टेलर सहितको टेक्टर जफत हुने ठहर्याई वीरगंज भन्सार कार्यालयबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादी विन्देश्वर यादवको यस न्यायाधिकरणमा प्रस्तुत पुनरावेदन पत्र दायर रहेको देखिन्छ।

१८. बरामद भएका ट्रक को त २५२३ हाल स १ त ३८१८ र नं. ५ त ८४४१ नं. का धनीले वीरगंज भन्सार कार्यालयको मिति २०७५।०३।३२ को निर्णय उपर पुनरावेदन गरेको नदेखिंदा यस पुनरावेदनको रोहबाट विचार गरिरहन परेन ।

१९. प्रतिवादी विन्देश्वर यादवको पुनरावेदन जिकीर तर्फ विचार गर्दा वीरगंज भन्सार कार्यालयबाट जारी भएको म्याद घर दैलोमा टाँसेको होइन र भन्सार कार्यालयमा सामान दावीको लागि हुलाक मार्फत पठाएको विन्देश्वर यादव नामको निवेदनमा लागेको ल्याप्चे तथा सहिछाप मेरो होइन भन्ने जिकिर पुनरावेदनमा लिएतापनि वीरगंज भन्सार कार्यालयबाट मिति २०७४।०१।०६ मा सम्बन्धित मालवस्तु तथा टेक्टरका धनिहरुले हकदावी प्रस्तुत गर्न सूचना जारी गरिएकोमा म्याद भित्र स्वयं उपस्थित हुन नआई ब्याट्रीको धुलोको लागी प्रतिवादी विन्देश्वर यादव र टेक्टरको लागि विनाका मुखिया विनले मिति २०७४।१।१९ मा हुलाक मार्फत भन्सार कार्यालयमा निवेदन पठाएको देखिन्छ । वीरगंज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा (ङ) मा परिभाषित कसूर गरेको हो होइन छानविन गरी ऐ. ऐनको दफा ५७(१)(२) अनुसारको कसूरमा सजाय गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा ऐ. ऐनको दफा ८१(१) बमोजिम प्रतिवादीको नाउँमा मिति २०७४।०१।२२ मा म्याद जारी गरेको देखिन्छ। उक्त म्याद निज विन्देश्वर यादवले बुझ्न नमानेको भनी मिति २०७४।०४।१७ मा निजको घर दैलोमा टांस तामेल भएको र सो तामेली मुचुल्कामा कोचर्वा वडा नं. ९ बस्ने २ जना स्थानीय व्यक्तिहरु र उक्त वडा नं. ९ का सचिव विजय कुमार सिंह समेत रोहवरमा वसेको देखिंदा कानूनको रोहमा उक्त

म्यादलाई वेरितको तामेली भन्न वा पुनरावेदक प्रतिवादीले सुनुवाइको मौका प्राप्त नगरेको भन्न मिल्ने अवस्था देखिन आएन ।

२०. भन्सार ऐन, २०६४ को दफा २(ङ) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल बाहिर लैजाने कार्यलाई भन्सार चोरी निकासी सम्झनुपर्छ" भनी परिभाषित गरेको देखिन्छ। साथै, सोही ऐनको दफा ३८ मा "दफा ३६ वा ३९ बमोजिम तलासी लिँदा भन्सार महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालवस्तुको प्रज्ञानपत्र र भन्सार महसुल लाग्ने मालवस्तु भए महसुल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ। निजले त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ।" भन्ने ब्यवस्था रहेकोमा प्रतिवादी विन्देश्वर यादवले वीरगंज भन्सार कार्यालयबाट जारी भएको म्यादमा उपस्थित भई आधार प्रमाण पेश गरी आफ्नो निर्दोषिता प्रमाणित गर्नुपर्नेमा म्याद गुजारी बसेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा "कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। यसरी प्रतिवादीले भन्सार महशुल लाग्ने ब्याट्रीको धुलो लुकाई छिपाइ, भन्सारमा घोषणा नगरी नेपाल बाहिर लैजाने प्रयत्न गरेको कार्य गरेको मिसिलबाट देखिंदा निजले ब्याट्रीको धुलो निकासी गर्ने प्रयत्नको कसुरजन्य कार्य गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुर गरेको पुष्टी भएको हुँदा बरामद ब्याट्रीको धुलो जफत गरी निजलाई सोही ऐनको दफा ५७(१क) अनुसार जफत भएको ब्याट्रीको धुलोको विगो बमोजिमको रकम रु.४,००,०००।—(चार लाख रुपैया) जरिवाना हुने ठहऱ्याई शुरु वीरगन्ज भन्सार कार्यालयबाट भएको फैसला कानून सम्मत देखिंदा अन्यथा भन्न मिल्ने देखिएन।

२१. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट प्रतिवादी विन्देश्वर यादवलाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा निजलाई रु.४,००,०००।- (चार लाख रुपैया) जरिवाना गर्ने गरी बीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट मिति २०७५।३।३२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल वीरगन्ज भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नु हुनेः-
शाखा अधिकृतःपाल्साङ्ग लामा-
इति सम्बत्  साल असार 2080७ गते रोज ५ शुभम्---------------------
प्रमाणीकरण गर्नेः -
प्रमाणीकरण मिति:-

राजस्वन्यायाधिकरण काठमाडौंको छाप